मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ · अंक ०९ · २०८२ साल मंसिर ०२ गते मंगलबार · Tuesday 18, November 2025 · सूर्योदय: बिहान ०६:२७ बजे · सूर्यास्त: साँझ ५:१३ बजे · पृष्ठ ४ · मूल्य रु. ५/-

## फेसबुकबाट विवाह १५ लाख र गाडी मागेर तनाव

**मधेशदृष्टि**
**वीरगंज ।**
फेसबुकमा चिनजानबाट शुरु भएको सम्बन्धपछि विवाह गरेकी २८ वर्षीया सज्ञिता साहले परिवारबाटै हिंसा सामना गर्नुपरेको छ । तीन वर्षको प्रेम सम्बन्धपछि सज्ञिताले २०८१ जेठ ९ गते सप्तरीको रुपनी गाउँपालिका–३ मकरी टोलका ३० वर्षीय सन्देश साहसँग पर्सा जिल्ला अदालतमा विवाह गरेकी थिइन् । सासु किरणकुमारी साह र ससुरा धर्मदेव साहले थाहा नपाएकाले शुरुमा वैवाहिक सम्बन्ध सामान्य रूपमा चल्दै आएको थियो ।
तर, एक वर्षपछि सामाजिक विवाह गर्ने कुरा बढ्दा ससुराले १० तोला सुन, १५ लाख नगद र चारपाङ्ग्रे गाडीको दाइजो मागेपछि सम्बन्धमा दूरी आएको छ । उनी हिंसाको सिकार भएकी छिन् ।

# सभामुखलाई महाअभियोग र पाँच प्रदेश सदस्यको पद कायम




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभामुख रामचन्द्र मण्डलले महाअभियोग छल्न प्रतिशोधमा पाँचजना प्रदेश सभा सदस्यलाई गरेको निम्लबनलाई सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गर्दै कामकाजमा रोक नलगाउन अन्तरिम आदेश जारी गरेको छ । सोमबार रिट निवेदनको पेशीमा सोमबारै न्यायाधीश नित्यानन्द पाण्डेको इजलासले सुनुवाइ गर्दै कारबाही किन गरेको भन्दै कारण देखाऊ अल्पकालीन जारी गरेको छ ।
आदेशमा कारबाही गरिएका प्रदेशसभा सदस्यहरुलाई काम गर्न रोक नलगाउन पनि भनिएको छ । प्रदेशसभा सदस्य सञ्जय कुमार यादवका अनुसार सर्वोच्च अदालतमा सभामुख रामचन्द्र मण्डलविरुद्ध दायर रिटमा आदेश भएको बताए । उनले कारबाही गरिएको भनिएका पाँच प्रदेशसभा सदस्यालाई काम गर्न कुनै रोक नलगाउन अदालतले भनेको र किन कारबाही गरिएको भनेर कारण देखाउन सभामुख र प्रदेश कार्यालयलाई आदेश गरेको छ । यो आदेशसँगै कारबाही भएका पाँचजना सांसदको पद पुनर्बहाली भएको छ ।
पुनर्बहाली माग गर्दै सर्वोच्च अदालतमा दायर गरिएको रिटमा सर्वोच्च अदालतले सरप्राइज थपिदिएको छ । सोमबार नै अन्तरिम आदेश दिदैँ गर्दै सर्वोच्च अदालतले मधेश प्रदेश सभा सभामुख रामचन्द्र मण्डलउपर मधेश प्रदेश प्रदेश कार्य सञ्चालन नियमावली २०७५ को नियम १८० को उपनियम २ (क) अनुसार पदअनुकूल आचरण नगरेको भन्ने प्रस्ताव पेस भइसकेको भन्दै प्रदेश सभा सदस्यलाई कारबाही गर्न नमिल्ने व्याख्या गरेको छ ।
त्यस्तै, अदालतले दुईपक्षीय छलफल र सुनुवाई गर्दै महाभियोग लागिसकेको खण्डमा सभामुख मण्डलले सभामुखकै हैसियतमा बसेर कामसमेत गर्न नसक्ने आशय दिएको छ । अदालतले प्रदेश सभाले सार्वजनिक गरेको सूचना कार्यन्वयनमा नगर्न, नगराउन समेत आदेश गरेको छ ।
बिहीबार मधेश प्रदेशसभा सचिवालयले लगातार बैठकमा अनुपस्थित भएको भन्दै पाँचजना प्रदेशसभा सदस्यलाई पदमुक्त गरेपछि त्यसको विरुद्धमा यादवसहित पाँचजनाले सर्वोच्चमा रिट निवेदन दिएका थिए । निवेदकले मधेश प्रदेशसभाको सचिवालय, मधेश प्रदेशका सचिव र मधेश प्रदेशसभाका सभामुखलाई प्रतिवादी बनाएर रिट निवेदन दिएका थिए । र, सोही दिन सभामुख रामचन्द्र मण्डलमाथि ६४ प्रदेशसभा सदस्यसमित सातदलले महाअभियोगको प्रस्ताव दर्ता गराएको थियो । त्यसदिन सभामुख मण्डलले केही सदस्यहरुमाथि हातपातसमेत गरेका थिए । सभामुखले उर्मिलादेवी सिंह (नागरिक उन्मुक्ति पार्टी), मनिषकुमार सुमन (जसपा), संजयकुमार यादव (जसपा), सिंहासन सा कलवार (जसपा) र शारदाशंकरप्रसाद कलवार (जसपा)लाई पदमुक्त गरेका थिए । पछि उपसभामुख बबिता इशर राउतले पदमुक्त नभएको र पदमा कायम रहेको विज्ञप्ति जारी गरेकी थिइन् ।

## ‘जनतासँग मुख्यमन्त्री’ दैनिक ४५ मिनेट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशभरका नागरिकसँग प्रत्यक्ष सम्पर्क कायम राख्न ‘जनतासँग मुख्यमन्त्री’ कार्यक्रम शुरु गरेका छन् । आइतबारबाट शुरु भएको यो पहल सोमबार दोस्रो दिन पनि जारी रहँदै प्रदेशभरका नागरिकका गुनासा सुन्दै तत्काल सम्बोधनको प्रक्रिया अघि बढाइएको बताइएको छ ।
पहिलो दिनदेखि नै स्थानीय जनताले लोकसेवा आयोगको विज्ञापन सूचना, युवाको रोजगारी, नापी तथा मालपोत कार्यालयमा देखिएको भ्रष्टाचार, शिक्षाको अवस्था, सडक मर्मतलगायतका मुद्दा मुख्यमन्त्रीको कार्यालयमा टिपाएका छन् । मुख्यमन्त्री यादवले प्रत्येक गुनासाको तत्काल सम्बोधन सुनिश्चित गर्दै सम्बन्धित निकायमा फोनमार्फत आवश्यक निर्देशन दिइरहेका छन् ।
कार्यक्रम हरेक दिन ४५ मिनेट सञ्चालन भइरहेको छ र यसले नागरिक–सरकारबीचको प्रत्यक्ष संवाद र विश्वास निर्माणमा महत्वपूर्ण भूमिका खेलिरहेको छ । मुख्यमन्त्री यादवका अनुसार, नागरिकहरूले दैनिक फोनमार्फत आफ्नो समस्या बताउन सक्रेछन् ।

## रेड नोटिस जारी रौतहटका कुशवाहा मलेसियाबाट पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
ठगी तथा संगठित अपराध मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी रौतहट कटहरिया नगरपालिका–१ ठेगाना भएका आकाश प्रसाद कुशवाहा पक्राउ परेका छन् । एनसिबी क्वालालम्पुरको समन्वयमा मलेसियामा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारबाही गर्ने–गराउने प्रयोजनार्थ शनिबार नेपाल फिर्ता ल्याइएको छ ।
मुद्दामा संलग्न रही फरार रहेका उनलाई अन्तर्राष्ट्रियस्तरमा खोजतलास एवम् पक्राउ गर्न नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८० मंसिर २१ गते उनीविरूद्ध रेड नोटिस जारी भएको थियो ।
उनलाई आवश्यक अनुसन्धान एवम् कारबाहीका लागि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटबाट खटिआएका प्रहरीलाई बुझाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।

## एनपिएल शुरुः पहिलो खेलमा काठमाण्डौँको जित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल प्रिमियर लिग (एनपिएल)को उद्घाटन खेलमा साविक विजेता जनकपुर बोल्ट्सललाई हराउँदै काठमाडौँ गोर्खाजले प्रतियोगितामा सुखद् सुरुआत गरेको छ । कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा सोमबार भएको खेलमा काठमाडौँले जनकपुरमाथि पाँच विकेटको जित निकालेको हो ।
जितको लागि एक सय ३१ रनको लक्ष्य पछ्याएको काठमाडौँले १८ ओभरमा पाँच विकेट गुमाउँदै पूरा ग¥यो । काठमाडौँको जितमा बेन चाल्र्सवर्थले ४६ रन बनाए । उनले २३ बलमा पाँच चौका र तीन छक्काको सहयोगमा ४६ रन बनाए । यसैगरी आकाश त्रिपाठीले ३९ रन बनाए । मिलिन्द कुमारले १९ रन बनाए भने जोहन सिम्पसनले १३ रन जोडे ।
बलिङतर्फ जनकपुरका किशोर महतो, अनिल साह, सञ्जय कृष्णमूर्ति र ललित राजवंशीले समान एक–एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको जनकपुरले निर्धारित २० ओभरमा छ विकेट गुमाएर एक सय ३० रनको योगफल बनाएको थियो ।
जनकपुरका लागि आसिफ शेखले सर्वाधिक ५४ रनको योगदान दिए । उनले ४१ बलमा छ चौका र एक छक्का प्रहार गर्दै ५४ रन बनाएका हुन् ।
यस्तै, मयन यादवले ३४ तथा लाहिरु समारकूनले २२ रन बनाए । लाहिरु मिलन्था सात रनमा आउट भए । काठमाडौं गोर्खाजका लागि मिलिन्द कुमारले तीन विकेट लिए भने सन्तोष यादव, साहब आलम तथा करण केसीले समान एक–एक विकेट लिए ।
यसअघि भएको पहिलो संस्करणको खेलमा भने जनकपुरले काठमाडौँलाई पाँच विकेटले पराजित गरेको थियो । सोमबारदेखि शुरु भएको प्रतियोगिता मङ्सिर २७ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको विजेताले टोलीले १ करोड १० लाख रुपैयाँ पाउने छ । दोस्रो हुनेले ५१ लाख रुपैयाँ प्राप्त गर्नेछ भने तेस्रो हुनेले १५ लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ ।
मङ्गलबारको पहिलो खेल चितवन राइनोज र कर्णाली याक्सबीच हुनेछ । दोस्रो खेल विराटनगर किङ्स र पोखरा एभेन्जर्सबीच हुनेछ । पहिलो खेल बिहान ११:४५ बजे हुनेछ भने दोस्रो खेल दिउँसो ४ बजे हुनेछ ।
यसअघि, प्रधानमन्त्री सुशीला कार्कीले दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिता उद्घाटन गरेकी थिइन् । काठमाडौँको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तरराष्ट्रिय क्रिकेट मैदानमा भव्य कार्यक्रमबीच प्रधानमन्त्री कार्कीले प्रतियोगिताको उद्घाटन गरेकी हुन् । उद्घाटन समारोहमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङ, नेपाल क्रिकेट सङ्घ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दलगायतको उपस्थिति थियो । उद्घाटन समारोह त्रिवि मैदानमा हेलिकप्टरबाट पुष्पवृष्टि समेत गरिएको थियो । प्रतियोगितामा आठ टोली सहभागी छन् ।

## तारकेश्वरनाथ जीनाथ बाबा मेलाः निसन्तानलाई सन्तान हुने विश्वास

**मधेशदृष्टि**
**बारा ।**
निसन्तान दम्पतीलाई सन्तान प्राप्ति हुने आस्थाको केन्द्रका रूपमा चिनिने प्रसौनी गाउँपालिका–५ स्थित तास्केश्वरनाथ जीनाथ बाबाको मेला यस वर्ष पनि धुमधामका साथ शुरु भएको छ । मेलाको उद्घाटन बारा–४ ‘ख’ का नेपाली कांग्रेसका सभापति लोकेश सिंहले विधिपूर्वक पूजापाठ गरी गरे ।
उद्घाटन समारोहमा मन्दिरका पुजारी धनलाल ठाकुर, बारा जिल्लाका प्रहरी निरीक्षक खेम नेपाल, गण्डक इलाका प्रहरी कार्यालयका राजकिशोर यादव, समाजसेवी वीरेन्द्र शाह, रमेश शाह, बिष्किश्वर साहलगायतको उपस्थिति थियो ।
मंगलबारसम्म लाग्ने मेलाको मुख्य आकर्षण सन्तान प्राप्तिको सुखद अनुभूति पाएका दम्पतीले भाकल पूरा गर्ने परम्परा हो । यस वर्ष पनि विभिन्न ठाउँमा २४ घण्टे ८–८ जाम गराएर भक्तजनले आफ्नो भाकल पूरा गरिरहेका छन् ।



नेपालका भक्तजन मात्र होइन, भारतका बिहार, उत्तर प्रदेशदेखि अमेरिकामा बसोबास गर्ने भक्तजनसम्म यहाँ दर्शनका लागि आउने गरेको स्थानीयको भनाइ छ । अमेरिकामा बसोबास गर्दै आएका रेणुका शाह र उनका श्रीमानले बाबाको प्रसादले सन्तान प्राप्ति भएको विश्वास गर्दै मन्दिरमा ८० किलोको घन्टी र मार्बलको गेट जडान गरी करिब ५ लाख रुपैयाँ बराबरको योगदान दिएका थिए ।
मेलामा विभिन्न खेल–तमासा, मनोरञ्जनका स्टल तथा बालबालिकाका लागि झुलुवालगायत आकर्षक व्यवस्था गरिएको मेला समितिका अध्यक्ष केदार साहले जानकारी दिए । जीनाथ बाबाको मेलामा सहभागी भएर दर्शन गर्ने भक्तजनको भाकल पूरा हुन्छ भन्ने जनविश्वास वर्षौंदेखि निरन्तर रहँदै आएको छ ।

## सम्पादकीय

# बढ्दैछ मधेशमा चुनावी सरगर्मी

फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभा सदस्य निर्वाचनको सरगर्मी मधेशका जिल्ला सदरमुकामदेखि गाउँँसम्म बढेको छ । बिहानै चियाको तातोपनसँगै केन्द्रमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी एमालेको महाधिवेशन तयारीका साथै सरकारले घोषणा गरेको निर्वाचनको विषयमा पनि छलफल चल्न थालेको हो । युवाहरू चुनावी सरगर्मीबारे सचेत छ । निर्वाचनको माहोल बनाउन यहाँका जेन्जी युवा सक्रियतापूर्वक लागिपरेका छन् । घोषित मितिमा चुनाव हुनुपर्ने सबैको माग छ। चुनावले मात्रै युवाको माग सम्बोधन गर्न सक्छ भन्ने उनीहरुलाई परेको छ। पुरानो नेतृत्वलाई विस्थापित गरी नयाँलाई स्थापित गर्न सकिन्छ भन्नेमा युवाहरु ढुक्क छन् । युवा नेताले लोकतन्त्रलाई सही मार्गमा ल्याउन र जेन्जी आन्दोलनमा उठेका मागको सम्बोधनका लागि पनि निर्वाचनको विकल्प नभएको स्पष्ट धारणा सार्वजनिक गरिरहेका छन् । यद्यपि, सबै पक्ष चुनाव हुनेमा ढुक्क छैनन्।

केही दलहरूको तयारी र आन्तरिक विवादका कारण चुनाव हुने–नहुनेमा प्रश्न मधेशमा पनि छ । सुदन गुरुङलगायत जेन्जीका अगुवा नेताहरूले यथास्थितिमा चुनाव हुन नदिने धारणा राखेपछि मधेशमा पनि यसको असर परेको छ । नेकपा एमालेसहितका दलहरूले चुनावमा जान आनाकानी गरिरहेको अवस्थामा कसरी चुनाव होला ? यथास्थितिमा चुनाव रोक्न चाहने र चुनावमा जान हिच्किचाउने धारणा दुवैतिर देखिन्छ । राष्ट्रलाई सङ्कटबाट निकाल्न सबै पक्ष मिलेर चुनावमा जानुपर्नेमा धारणा पनि विकास भएको छ । निर्वाचनको घोषणासँगै जिल्लाका प्रमुख राजनीतिक दलहरू आआफ्नो तयारीमा जुटेका छन्।

दलहरु चुनावको माहोल बनाउन गाउँ पुगेर अनौपचारिक अभियानमा लागेका छन् । चुनावको विकल्प नदेखेका र मधेश प्रदेशमा सकारात्मक माहोल बनाउन युवालाई परिचालन गर्न दलहरु सक्रिय भइसकेका छन्।

विभिन्न पार्टीहरु आन्तरिक रूपमा निर्वाचनको तयारीमा जुटिसकेका छन् । प्रदेश, जिल्ला तथा नगरस्तरीय कार्यक्रमहरु पनि तय भएका छन् । जेन्जी आन्दोलनबाट उठेका मागलाई सकारात्मक रूपमा लिएर चुनावमा जानेमा दलहरु तयार जस्तै भएका छन् । जेन्जी समूहका युवा निर्वाचनको माहोल सिर्जना गर्न र जेन्जी आन्दोलनको उपलब्धि सुनिश्चित गर्न पालिकामा सक्रिय भएका छन्।

निर्वाचनको सुनिश्चितता र त्यसले ल्याउने परिवर्तनको आशाले जनस्तरमा व्यापक बहस र उत्साह शुरु भएको हो।

# क्रिकेटप्रेमीको सपना: एनपिएलको नयाँ अध्याय



राजु सिलवाल

नेपालमा आयोजना भएका व्यावसायिक खेलकुद प्रतियोगितामध्ये सबैभन्दा ठूलो मानिएको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिताको दोस्रो संस्करणमा विश्वकै क्रिकेटप्रेमीहरुको ध्यान नेपालतर्फ आकृष्ट भएको छ। फ्रेन्चाइज प्रतियोगिताका रुपमा व्यावसायिक प्रतिष्ठानहरुका साथै निजी क्षेत्रबाट करोडौं लगानी गरिएको एनपिएल क्रिकेटको पहिलो संस्करणको सफलतापछि हिमालय महोत्सवका रुपमा दोस्रो प्रतियोगिताको शुरुआत सोमबारदेखि शुरु भएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा मङ्सिर २७ गतेसम्म सञ्चालन हुने २४ दिनको प्रतियोगिताको उद्घाटन खेलको सबै टिकट तत्कालै बिक्री हुनु एनपिएल क्रिकेटप्रति अत्यधिक दर्शकको अपार मोहका साथै प्रतियोगिताको अपार प्रतिक्षाको सङ्केत मान्न सकिन्छ । यस प्रतियोगितामा गत वर्षको विजेता जनकपुर बोल्डसका साथै उपबिजेता बनेको सुदूरपश्चिम रोयल्स, विराटनगर किङ्स, चितवन राइनोज, काठमाडौं गुर्खाज, पोखरा एभेन्जर्स, लुम्बिनी लायन्स तथा कर्णाली याक्ससमेत गरी आठवटा टिमको सहभागिता छ । यी सबै टिमका लागि निजी क्षेत्रले उत्साहका साथ ठूलो लगानी गरेको छ । प्रतियोगिता 'राउण्ड रोबिन'को आधारमा सञ्चालन हुनेछ भने त्यसपछि हुने 'प्ले अफ' खेलहरुले प्रतियोगिताको नतिजा निर्धारण गर्नेछ।

**मार्की खेलाडीहरु**

यसपटक एनपिएल क्रिकेटका मार्की खेलाडीहरुमा जनकपुर बोल्डसका आशिफ शेख, सुदूरपश्चिम रोयल्सका दिपेन्द्रसिंह ऐरी, काठमाडौँ गुर्खाजका करण केसी, पोखरा एभेन्जर्सका कुशल भुर्तेल, चितवन राईनोजका कुशल मल्ल, बिराटनगर किङ्सका सन्दिप लामिछाने, लुम्बिनी लायन्सका रोहित पौडेल र कर्णाली याक्सका सोमपाल कामी रहेका छन् । मार्की खेलाडीहरुले जनही २० लाख रुपैयाँको दरले पारिश्रमिक प्रदान गरिंदैछ । टिममा परेका अन्य खेलाडीहरुलाई एक लाख रुपैयाँदेखि १५ लाख रुपैयाँसम्म पारिश्रमिक प्रदान गरिनेछ।

**विदेशी खेलाडीहरुको सहभागिता**

एनपिएल क्रिकेटको नयाँ सिजनका लागि विश्वका विभिन्न १३ मुलुकका प्रसिद्ध क्रिकेट खेलाडी तथा नेपाली खेलाडी एकै टिममा आबद्ध भई यो प्रतियोगितामा प्रतिस्पर्धा गर्दैछन् । प्रतियोगितामा सहभागी आठवटै टिमले टेष्ट म्याच खेल्ने तथा एसोसिएट राष्ट्रका खेलाडी आआफ्नो टिममा भित्र्याउन ठूलो लगानी गरेका छन् । एनपिएल क्रिकेटमा भारत, अष्ट्रेलिया, इङ्गल्याण्ड, दक्षिण अफ्रिकालगायतका खेलाडीहरु विभिन्न नेपाली टिममा आबद्ध भएका छन् । क्यानले हरेक टिममा बढीमा चार विदेशी खेलाडी खेलाउन सक्ने अनुमति दिएको थियो।

**विदेशी प्रशिक्षक पनि**

केही टिमले विदेशी प्रशिक्षकलाई समेत टिममा अनुबन्धित गराएको छ । नेपाली स्पिनर सन्दिप लामिछानेको खेल जीवनमा महत्वपूर्ण भूमिका निभाएका श्रीलङ्काली मूलका क्यानडाली प्रशिक्षक पुबुदु दशानायके यसपाली सन्दिप कप्तान रहेको विराटनगर किङ्गस टिममा मुख्य प्रशिक्षकको रुपमा आबद्ध रहेका छन् । नेपाली राष्ट्रिय टिमको मुख्य प्रशिक्षकको अनुभव हासिल गरिसकेका उनको प्रशिक्षणमा गतवर्ष जनकपुर बोल्डस टिमले एनपिएल क्रिकेटको पहिलो संस्करण जितेको थियो । यसपालि जनकपुरले सिभनराइन चन्दरपललाई मुख्य प्रशिक्षकको रुपमा भित्र्याएको छ । नेपाली राष्ट्रिय टिमको मुख्य प्रशिक्षक बनिसकेका भारतीय नागरिक मोण्टी देसाई यसपालि काठमाडौँ गुर्खाज टिमको प्रशिक्षणमा ब्यस्त छन् । चितवन राइनोजले कलाम अली, पोखरा रेन्जर्सले राजीव कुमार, लुम्बिनी लायन्स टिमले टिनु योहान्नान जस्ता विदेशीलाई मुख्य प्रशिक्षकको जिम्मेवारी दिएका छन् । प्रतियोगिताका लागि नेपाली प्रशिक्षकले पनि टिम सम्हालिरहेका छन् । नेपाली राष्ट्रिय क्रिकेट टिमको जिम्मेवारी सम्हालिसकेका जगत टमाटाले सुदूरपश्चिम रोयल्स तथा नेपाली क्रिकेट टिमको कप्तान तथा प्रशिक्षणको जिम्मेवारीमा रही कार्य गरिसकेका ज्ञानेन्द्र मल्लले कर्णाली याक्सको मुख्य प्रशिक्षकको रुपमा कार्य गरिरहेका छन्।

**नयाँलाई पनि अवसर**

एनपिएल क्रिकेटका आठवटै सहभागी टिमले आफ्नो क्षेत्रमा रहेका विभिन्न जिल्लामा प्रतिभाहरुको छनोट गरी प्रतिभाशाली खेलाडीलाई टिममा समावेश गरेका छन् । उपयुक्त अवसर नपाएर स्थानीय तहमै सीमित रहेका युवा खेलाडीहरुले एनपिएल क्रिकेटमा नेपालका राष्ट्रिय खेलाडीहरुका साथै विदेशीसँग समेत एउटै टिममा खेल्न पाउनु उनीहरुको खेल जीवनकै महत्वपूर्ण अवसर हो । यही प्रतियोगिता सिक्ने तथा आफ्नो खेल कौशल देखाउने महत्वपूर्ण मौका हो । यस्ता प्रतियोगिताको माध्यमबाट उनीहरु भोलि राष्ट्रिय टिममा प्रवेश गर्न सक्नेछन् । प्रतिभाशाली खेलाडीलाई खेल जीवनमा छलाङ मार्ने प्रवेशद्वारका रुपमा यस प्रतियोगितालाई हेरिएको छ।

**ठूलो पुरस्कार राशि**

एनपिएल प्रतियोगिताको बिजेता टिमले गतवर्ष जस्तै एक करोड ११ लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ । दोस्रो हुने टिमले ५१ लाख रुपैयाँ, तेस्रो हुने टिमले २५ लाख रुपैयाँ तथा चौथो हुने टिमले १५ लाख रकम पुरस्कार पाउने छन् । यस्तै विभिन्न बिधाका खेलाडीलाई नगद तथा मोटरसाइकल पुरस्कार प्रदान गरिनेछ । पुरस्कारहरु अझै घोषणाको क्रममै रहेका छन्।

**विश्वकपको तयारी**

एनपिएल क्रिकेट प्रतियोगिता नेपाली राष्ट्रिय क्रिकेट टिमको लागि आगामी विश्वकपको तयारीको महत्वपूर्ण अवसरका रुपमा पनि हेरिएको छ । सन् २०२६ मा भारत तथा श्रीलङ्कामा आयोजना हुने टि–ट्वाण्टी विश्वकपको छनोट चरणमा अपराजित हुँदै समूह बिजेताका रुपमा तेस्रोपटक विश्वकपमा प्रवेश गर्न सफल नेपाली टिमका सबैजसो खेलाडी विभिन्न टिमका तर्फबाट एनपिएल क्रिकेटमा मैदानमा उत्रिंदैछन्।

करिब एक महिनासम्मको अवधिमा एनपिएल क्रिकेट प्रतियोगितामा नेपाली क्रिकेट खेलाडीहरुले स्वदेशी तथा विदेशी खेलाडीहरुसँग अभ्यास गर्नुका साथै खेल कौशल सिक्ने अवसर पाउने छन् । केही महिनादेखि नै अत्यन्त व्यस्त तालिकामा रहेको नेपाली राष्ट्रिय टिमलाई एनपिएल लगत्तै टेष्ट खेल्ने राष्ट्रसँग दुई देशीय वा त्रिदेशीय श्रृंखला खेलाएर थप अभ्यास गराउने लक्ष्य क्यानले राखेको छ । यसका लागि क्यानका अध्यक्ष चतुरबहादुर चन्दले हालै भारतको नयाँ दिल्लीमा इण्डियन क्रिकेट काउन्सिल (आइसिसी)का अध्यक्ष जय शाहसँग भेट गरेका थिए।

**सरकारको प्राथमिकतामा क्रिकेट**

एनपिएलको दोस्रो प्रतियोगिताका लागि लामो समयदेखि तयारी शुरु गरिएको थियो । विशेषगरी प्रतियोगिता स्थल कीर्तिपुर रङ्गशालामा निर्माण तथा मर्मतसम्भारका लागि केही महिनादेखि नै कार्य प्रारम्भ गरी सरकारी तबरबाटै अनुगमन गरिएको थियो । निर्धारित समयमा निर्माण सम्पन्न नभएपछि सम्बन्धित ठेकेदारले जरिवाना समेत ब्यहोर्नु परेको थियो । क्रिकेट शुरु हुने अन्तिम चरणमा समेत काम भैरहेको कीर्तिपुर रङ्गशालामा निर्माणका लागि नेपाल सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गरी अन्तर्राष्ट्रियस्तरको मैदानका रुपमा परिणत गर्ने प्रयास गरेको छ।

कीर्तिपुर रङ्गशालामा वर्षौंदेखि मानिसहरु घाँसे वा धुले मैदानमा बसेर वा रुखमा चढेर खेल हेर्ने गर्दथे । अब त्यो अवस्था रहेन । कीर्तिपुर रङ्गशालामा पुनःनिर्माणपछि दर्शकहरुले विभिन्न रङ्गिन सिटमा बसेर खेलको आनन्द लिन पाउने भएका छन् । कीर्तिपुर रङ्गशालाको दर्शक क्षमता करिब १० हजार रहेको छ । यसपालि एनपिएल क्रिकेट प्रतियोगिताका बेला प्रत्येक खेलमा करिब आठ हजार टिकट बिक्री गरिदैंछ । सरकारले कीर्तिपुर क्रिकेट रङ्गशालालाई भविश्यमा अझ विस्तार गरी ठूलो बनाउनका लागि गुरुयोजना स्वीकृत गरिसकेको छ । गुरुयोजना बमोजिम रङ्गशाला निर्माण गर्न करिब रु १० अर्ब लाग्ने अनुमान गरिएको छ । गुरुयोजना अनुसार निर्माणपछि कीर्तिपुर रङ्गशालाको दर्शक क्षमता २५ हजार बनाइने लक्ष्य राखिएको छ।

**पहिलो खेल रातिमा**

नेपालको क्रिकेट इतिहासमा पहिलोपटक रातिको समयमा फ्लडलाइटमा खेल हुँदैछ । एनपिएल क्रिकेटका खेलहरु दिउँसो तथा रातिको समयमा सञ्चालन गरिंदैछ । कीर्तिपुर रङ्गशालामा छ वटा पोलमा जडान गरिएका फ्लडलाइटका टावरहरुबाट उज्यालो भएपछि नेपाल पनि अब राति पनि क्रिकेट प्रतियोगिता गर्न सक्षम भएको छ।

**टेलिभिजनबाट प्रत्यक्ष प्रसारण**

यसपालि एनपिएल क्रिकेटका खेलहरु स्टार स्पोर्टस टेलिभिजनमार्फत विभिन्न मुलुकमा हेर्न सकिने भएको छ । यसैगरी नेपाली च्यानलले पनि क्रिकेटको प्रत्यक्ष प्रसारण गर्दैछन् । नेपाल प्रिमियर लिगअन्तर्गतको जति पनि विज्ञापनदाता तथा प्रायोजकको विज्ञापन नेपाली च्यानलमा मात्र आउने व्यवस्था मिलाइएको छ । स्टार स्पोर्टसको प्रत्यक्ष प्रसारणमा भने गतवर्ष जस्तै विज्ञापनरहित क्लिन फिड दर्शकहरुले देख्न सक्नेछन् । यस्तै ओटिटीतर्फ डिजिटल फर्ममा क्लिन फिड आउने भएको छ।

**प्रख्यात कमेण्टेटरहरु पनि**

नेपाली क्रिकेटप्रेमीहरु माझ लोकप्रियता कमाएका क्रिकेट कमेण्टेटर एण्ड्रु लियोनार्डले यसपालि एनपिएल क्रिकेटमा टेलिभिजन कमेण्टेटरको भूमिका निभाउँदैछन् । नेपाललाई आफ्नो दोस्रो घर भनेर बनाउने एण्ड्रुले केही वर्षदेखि नेपालले खेलेका विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरुको प्रत्यक्ष प्रसारणमा उद्घोषण गरेका छन् । उनको विशेषता भनेको प्रत्यक्ष प्रसारणको क्रममा नेपालको कला, संस्कृति र प्राकृतिक सौन्दर्यताको प्रशंसा गर्नु हो । यस्तो कार्यबाट मुलुकमा नयाँ पर्यटकहरु भित्र्याउन निकै सहयोग पुग्नेजाने अपेक्षा गर्न सकिन्छ । इण्डियन प्रिमियर लिग एपिएल क्रिकेटमा टेलिभिजन कमेण्टेटरका रुपमा संलग्न भएका भारतीय सञ्चारकर्मी आकाश चोपरा एनपिएलको टेलिभिजन प्रत्यक्ष प्रसारणमा कमेण्टेटरको रुपमा संलग्न हुँदैछन् । दक्षिण अफ्रिकाका पूर्व क्रिकेटर एचडी एकरमान, इङ्गल्याण्डका पूर्व फाष्ट बलर डारिन गोह पनि टेलिभिजन कमेण्टेटरका रुपमा नेपाल आउँदैछन्।

**४० करोड आम्दानीको लक्ष्य**

यसपालि एनपिएलबाट क्यानले करिब ४० करोड रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखेको छ । क्यानले आठ वटा टिमसँग १० वर्षको सम्झौता गरेको छ । यसपटक ती सबै टिमबाट नौ करोड रुपैयाँ प्राप्त हुने क्यानले जनाएको छ । एनपिएलका लागि विभिन्न प्रायोजकसँग १५ करोड ४० लाख रुपैयाँको सम्झौता गरिएको छ । क्यानले नयाँ प्रयोगमा ल्याएको डिजिटल प्लेटफर्मको ओटिटीबाट पाँच करोड ३० लाख रुपैयाँ प्राप्त गर्नेछ । यसपालि घरेलु प्रसारणबाट एक करोड रुपैयाँ प्राप्त हुनेछ । गतवर्ष घरेलु टेलिभिजनमा क्रिकेट प्रसारण गरिएको थिएन । यसपटक आठ देखि १२ करोड रुपैयाँ टिकट बिक्रीबाट आय हुने अनुमान गरिएको छ।

**ट्रफी परिक्रमा**

एनपिएल क्रिकेटको प्रतियोगिता शुरु हुनुअघि प्रतियोगिताको बिजेताले जित्ने ट्रफीलाई नेपालका विभिन्न शहरमा परिक्रमा गराइएको थियो । तर गतवर्षको तुलनामा यसपालि ट्रफी परिक्रमा त्यति भव्य रुपमा आयोजना गरिएन । मुलुकको पछिल्लो विकसित घटनाक्रमको कारण ट्रफी परिक्रमा कार्यक्रम भव्य रुपमा आयोजना नगरिए पनि परिक्रमामा नेपालको क्रिकेट तथा अन्य खेलका स्थापित खेलाडीहरुको समेत संलग्नता रहेको थियो । यस्तै कार्यक्रममा स्थानीय वासिन्दाहरुको समेत सहभागिता रहेको थियो । विश्वको सर्वोच्च शिखर सगरमाथा नजिक पर्ने कालापत्थरबाट ल्याइएको ढुङ्गा उक्त ट्रफीमा जडान गरिएको छ । ट्रफीको तौल तीन किलो रहेको छ । यसबाहेक यसपटक डिजिटल प्रबर्द्रधनमा पनि क्यानले जोड दिएको छ।

**'म्याच–फिक्सिङ'प्रति सचेतता**

गतवर्ष जस्तै यो वर्षपनि क्यानले नेपाल प्रहरीको सिआइबी, अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आइसिसिसँग सिधै समन्वयमा रहेको एण्टी करप्सन युनिटसँग सहकार्य गरेर 'म्याच फिक्सिङ'प्रति सचेतता अपनाएको छ । प्रतियोगितामा सहभागी रहेका आठवटै टिममा प्रहरी निरीक्षक तहको प्रहरी अधिकृत संलग्न रही खेलाडी तथा खेलसँग सम्बन्धित सबैलाई २४ घण्टा नै निगरानी गरिने व्यवस्था मिलाइएको छ । गतवर्ष जस्तै यसपालि पनि मैदान तथा दर्शकदिर्घाको निरगानीका लागि छुट्टै टिम खटाइएको छ।

आइसिसिले कुनै पनि क्रिकेट प्रतियोगिताको मूल्याङ्कन नै एण्टी करप्सन युनिटमार्फत गर्ने गरेको छ । क्रिकेट मैदानभन्दा बाहिर हुने गतिविधिको जिम्मेवारी लिन कठिन भए पनि मैदानभित्र गर्नुपर्ने सबै व्यवस्थापनको जिम्मेवारी आयोजकको हुन्छ । क्यानको एण्टी करप्सन युनिटले आठवटै टिममा खटिएका सुरक्षा अधिकृतलगायत सबैको दैनिक प्रतिबेदन आइसिसिमा पठाउने व्यवस्था मिलाएको छ । एनपिएल क्रिकेट प्रतियोगिताको आयोजनाको सफलताको आधारमा नै आइसिसीले नेपालमा आगामी महिलाको विश्वकप छनोट चरण आयोजनाका लागि अनुमति दिने भएको छ । एनपिएल क्रिकेट भव्यरुपमा सम्पन्न गर्नु पर्ने दायित्व क्यानका साथै सम्पूर्ण नेपालकै रहेको छ।

नेपालमा सन् २०१० मा क्रिकेट प्रतियोगिता हुँदा ढुङ्गामुढा भएपछि नेपाल दुई वर्षसम्म अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताबाट बञ्चित भएको थियो । गतवर्ष एनपिएल क्रिकेटको पहिलो दिनमै ठूलो सङ्ख्यामा दर्शकहरु कीर्तिपुर रङ्गशालामा उपस्थित भएपछि आयोजकहरुलाई व्यवस्थापन गर्न चुनौतीपूर्ण अवस्था सिर्जना भएको थियो । यसपालि नेपालमा राजनैतिक परिस्थिति परिवर्तन भएको तथा बेलाबेलामा विभिन्न आन्दोलन तथा प्रदर्शन भैरहेकाले आवश्यक सुरक्षाको प्रबन्ध मिलाउनु जरुरी छ । राति पनि खेल हुने भएपछि सुरक्षातर्फ विशेष सतर्कता अपनाउनु पर्ने देखिएको छ । नेपालको छवि उजिल्याउन भैरहेको महत्वपूर्ण प्रयासमा हातेमालो गर्नु आज सम्पूर्ण नेपालीहरुको कर्तब्य हो । एनपिएल क्रिकेट प्रतियोगिताले विश्वलाई नेपाल अब विगतको सामान्य अवस्थामै फर्किएको सन्देश दिन सफल हुने अपेक्षा गरिएको छ। रासस

# मङ्सिरपछि इपिएस परीक्षा
# सन् २०२७ मा कोरिया जान पाइने

अशोक दाहाल

शाखाले उत्पादनमूलक क्षेत्रमा आवेदन दिएका ६७ हजार २ सय ९५ नेपाली कामदारहरूका लागि भाषा परीक्षाको कार्यतालिका सार्वजनिक गरेको छ । एचआरडी र इपिएस कोरिया शाखाले लिने पहिलो चरणको परीक्षामा उत्पादनमूलक क्षेत्रमा आवेदन दिएकाहरूलाई सहभागी गराइने निर्देशक बिन्दा आचार्यले जानकारी दिइन्।

आगामी मङ्सिर १ गतेबाट सञ्चालन हुने पहिलो चरणको परीक्षा सकिएपछि कृषि तथा पशुपालन क्षेत्रको परीक्षा सञ्चालन हुने शाखाले जनाएको छ । कृषि तथा पशुपालन क्षेत्रमा यो वर्ष ३५ हजार जनाले आवेदन दिएका छन्।

'भाषा परीक्षा उत्तीर्ण गरेपछि उहाँहरूले रोस्टरमा राख्नुहुन्छ। रोस्टरमा रहेकाहरू रोजगारदाताबाट हुने छनौटका निम्ति योग्य हुनुहुन्छ,' शाखाकी निर्देशक आचार्य भन्छिन् । 'अहिले जुन परीक्षा हुन गइरहेको छ यो सन् २०२७ का लागि हो । पुरानो रोस्टरमा रहेकाले आफूहरूलाई प्रभाव पार्ने हो कि भन्ने चिन्ता लिनु पर्दैन किनभने रोस्टरमा रहेकाको छनौट प्रक्रियामा अबको परीक्षाले कुनै असर पार्दैन।'

**परीक्षा सक्न 'चार महिना' लाग्ने**

यो वर्षका लागि एक लाख तीन हजार जनाको आवेदन परेकोमा सबै परीक्षा सक्न 'चार महिना लाग्ने' ललितपुरको ग्वार्कोस्थित इपिएस कोरिया शाखाका अधिकारीहरू बताउँछन् । एचआरडी र इपिएस कोरिया शाखाले दैनिक ८ सय देखि १ हजार जनाको मात्रै परीक्षा लिने गरेका छन् । एक सिफ्टमा २ सयको दरले दिनमा चार देखि पाँच सिफ्टको परीक्षा लिने गरिएको छ । एचआरडीले शुरुका ३८ दिन चार सिफ्टमा र त्यसपछिका ३७ दिन पाँच सिफ्टमा परीक्षा लिने बताएको छ।

कोरियामा डिसेम्बरको अन्त्यतिर क्रिसमस र ज्यानुअरीको आरम्भमा नयाँ वर्षको बिदा हुने भएका कारण त्यसबीचको एक साता परीक्षा सञ्चालन नहुने निर्देशक आचार्यले बताइन्।

'कृषि र पशुपालनको परीक्षा चाहिँ नेपालको चुनावपछि गर्ने कि भन्ने कुरा छ,' आचार्यले भनिन्।

गत वर्ष एक लाख ६३ हजार बढीले आवेदन दिएका कारण परीक्षा सक्न करिब एक वर्ष लागेको थियो । दक्षिण कोरियाले पछिल्लो समय कृषि तथा पशुपालन, उत्पादन, निर्माण, सेवा र पानीजहाज निर्माण क्षेत्रमा नेपालबाट कामदार लैजाने बताएको छ । तर यो वर्ष उत्पादन र कृषि तथा पशुपालन क्षेत्रमा मात्रै कामदार माग भएको अधिकारीहरूले बताएका छन्।

'यो वर्ष परीक्षा दिएकाहरूमध्येबाट बढीमा ५ हजार ३ सय जना कोरिया जान पाउँछन् । त्यसमध्ये ३ हजार ५ सय जना उत्पादनमूलक र १ हजार ८ सय जना कृषि तथा पशुपन्छी क्षेत्रमा माग भएको छ,' इपिएस कोरिया शाखाका सूचना अधिकारी राजकिशोर साह भन्छन् । इपिएस प्रणाली अपनाएर विभिन्न १६ वटा देशबाट कामदार लैजाने गरेको दक्षिण कोरियाले यसअन्तर्गत सबैभन्दा धेरै कामदार नेपालबाट छनोट गरिरहेको अधिकारीहरू बताउँछन्।

अघिल्लो वर्ष ९ हजार २ सय ८५ जान कामदार लगेको दक्षिण कोरियाले यो वर्ष ज्यानुअरीयता ९ हजार ९ सय ५ जना नेपाली कामदार लगिसकेको छ । वर्षको अन्त्यसम्म यो संख्या अझै बढ्ने निर्देशक आचार्य बताउँछिन्।

**रोस्टरमा बसेकाको चिन्ता**

इपिएस शाखाका अनुसार अझै करिब १५ हजार युवा इपिएस भाषा परीक्षा उत्तीर्ण गरेर कोरिया जाने पर्खाइमा छन् । त्यसमध्ये १ हजार ५ सय यसअघि कोरियामा काम गरिसकेर फर्किएकाहरू छन् । भाषा परीक्षा उत्तीर्ण भएका सबैलाई कोरियाले कामदारका रूपमा लैजाने सुनिश्चित भने हुँदैन । रोजगारदाताको छनोटमा नपरेका केही युवाहरू भाषा परीक्षामा सफल भए पनि कोरिया जानबाट वञ्चित हुन सक्ने निर्देशक आचार्य बताउँछिन्।

'भाषा पास गरेपछि रोस्टरमा रहेकाहरूबाट रोजगारदाताले कामदार छनौट गर्ने हो । त्यसमध्ये कतिपय कामदार रोजगारदाताको प्राथमिकतामा नपर्न पनि सक्छन्,' उनले भनिन् । यो वर्ष पनि रोस्टरमा रहेकाहरूले यसअघि नै भाषा परीक्षा उत्तीर्ण गरेकाहरू कोरिया नगएसम्म नयाँ परीक्षा नलिन दबाव दिएका थिए । रोस्टरमा रहेर कोरिया जाने प्रतीक्षामा रहेका कामदारहरूको समस्या समाधानका लागि वार्ता टोली नै बनाएर काम भइरहेको इपिएस कोरिया शाखाले जनाएको छ।

'इपिएस कोरिया शाखाले उहाँहरूको मागबारे के गर्न सकिन्छ भनेर एउटा वार्ता टोली गठन भएको छ । यो कुरालाई सम्बन्धित निकायबाट सहजीकरण पनि भइरहेको छ,' आचार्य भन्छिन्।

अर्कोतर्फ परीक्षाको तयारी गरिरहेका युवाहरूले पनि परीक्षा कार्यतालिका छिटो प्रकाशित गर्न शाखालाई दबाव दिएका थिए । सेप्टेम्बरमा प्रकाशित हुनुपर्ने कार्यतालिका रोस्टरमा रहेकाको प्राथमिकता विवादकै कारण केही ढिलो भएको भन्ने चर्चा पनि चलेको थियो।

**कोरियाको इपिएस प्रणाली के हो**

इपिएस दक्षिण कोरियाको रोजगार अनुमति प्रणाली हो । यो प्रणालीअन्तर्गत नेपालबाट कामदार लैजान कोरियाली सरकारले नेपाल सरकारसँग सन् २००७ मा एमओयू गरेको थियो । त्यसअन्तर्गत सन् २००८ बाट कामदार लैजान शुरु गरिएको थियो।

वैदेशिक रोजगार विभागको इपिएस शाखाका अनुसार हाल ४० हजार भन्दा बढी नेपाली दक्षिण कोरियामा काम गरिरहेका छन् । शाखाका अधिकृत कमलराज श्रेष्ठका अनुसार इपिएस दक्षिण कोरियाको विदेशी कामदार लैजाने एउटा प्रणाली हो । इपिएस नेपालको वेबसाइटका अनुसार १८ देखि ३९ वर्षका व्यक्तिहरू जसले कोरियाको भाषा परीक्षा पास गरेका छन् । उनीहरूले उक्त प्रणालीबाट रोजगारीको अवसर पाउन सक्छन् । तर त्यसको लागि विगतमा गैरकानूनी रूपमा कोरियामा नबसेको, स्वास्थ्य परीक्षा पास भएको, नेपालबाट बाहिर यात्रा गर्न प्रतिबन्ध नभएको र आपराधिक कसुर नगरेको प्रमाणित हुनुपर्छ । बीबीसी

# किसानसँग चारबुँदे सहमति

**मधेशदृष्टि**
**सर्लाही ।**
धनकौलस्थित अन्नपूर्ण चिनी उद्योगमा बिक्री गरेको उखुको बक्यौता माग गर्दै धर्नामा बसेका किसान र उद्योग पक्षबीच चारबुँदे सहमति भएको छ । प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाको पहलमा जिल्ला प्रशासन कार्यालयमा आइतबार भएको छलफलमार्फत दुवै पक्षबीच सहमति भएको हो ।
छलफलमा उद्योगले चालु वर्षको क्रसिङ प्रक्रियामा देखिने प्रदुषण नियन्त्रणका लागि उपाय अपनाउने प्रतिबद्धता जनाएको छ । यस्तै, गत वर्ष चिनी मूल्य निर्धारणपछि किसानलाई दिन बाँकी रहेको रकम उद्योगले पूर्णरूपमा भुक्तानी गर्ने सहमति भएको प्रशासनले जानकारी दिएको छ ।



## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रमुख कार्यलय,गितामन्दिर रोड ,वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको पुनः ७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मिति २०८२/०१/०५ तथा मिति २०८२/०१/०८ (भुल सुधार) को मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा मिति २०८२/०३/१२ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा मा १५ दिने तथा दोस्रो पटक मिति २०८२/०४/०६ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा मा ७ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुनःलिलाम सुचना प्रकाशित भएको मितिले ८ औं दिन (८ औं दिन बिदा परकोमा त्यसको लग्तै बैंक खुलेको दिन) अर्थात मिती २०८२/०८/०९ गते मंगलवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

१) रामदेव गिरीको नाती, सुदर्शन गिरीको छोरा, जिल्ला पर्सा, गा.वि.स , बसन्तपुर वार्ड.नं. ०५ बस्ने(ना.प्र.न ३४१०११/३९,जारी मिति २०६४/०५/११ जि.प्र.का. पर्सा) बर्ष ३६ को **संजय गिरी**.............१ ,दीना गिरीको छोरी, सुदर्शन गिरीको बुहारी, संजय गिरीको पत्नी जिल्ला पर्सा पोखरीया वार्ड.नं. ०८ बस्ने (ना.प्र.न.**३४-०१-७३-११२१८,** जारी मिति **२०७३/१०/१८** ,जि.प्र.का. पर्सा) बर्ष ३५ की **सुन्दरम देवी**...........२ ।

२) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०७६ साल भदौ महिना ४ गते रोज ४ मा नेपाल सरकार, उधोग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ,वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय ,पर्सा बीरगंजमा दर्ता भै प्रा.फ.र.नं. ३८७८७/०७६/७७, अन्तर्गत दर्ता कायम भएको तथा पोखरिया न.पा २ लमरिया, पर्सामा रहेको **आयुष किराना पसल एण्ड कोल्ड स्टोर्स** ।

**कर्जाको प्रकार:- व्यापारीक अधिविकर्ष कर्जा, व्यापारीक आवधिक कर्जा,घर कर्जा, गाडि कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

१) रामदेव गिरीको नाती, सुदर्शन गिरीको छोरा, जिल्ला पर्सा, गा.वि.स , बसन्तपुर वार्ड.नं. ०५ बस्ने(ना.प्र.न ३४१०११/३९,जारी मिति २०६४/०५/११ जि.प्र.का. पर्सा) बर्ष ३६ को **संजय गिरी**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा पोखरिया वडा नं ०९ स्थित किता नं ९३ को जम्मा क्षेत्रफल १२७० व.मि. को घर जग्गा ।

२) लक्षन गिरीको छोरी, रामदेव गिरीको बुहारी, सुदर्शन गिरीको पत्नी, जिल्ला पर्सा बसन्तपुर वार्ड.नं. ५ बस्ने(ना.प्र.न ३४३०११/१० ,जारी मिति २०७०/०२/१४ जि.प्र.का.,पर्सा) बर्ष ५४ की **कुसुम देवी गिरीको** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा बसन्तपुर वडा नं ०६ स्थित किता नं २३५ को जम्मा क्षेत्रफल ०-०-७-४ व.मि. को घर जग्गा ॥

३) धेनुक गिरीको नाती, रामदेव गिरीको छोरा जिल्ला पर्सा बसन्तपुर वार्ड.नं. ५ बस्ने(ना.प्र.न ०९४६१८५३ ,जारी मिति २०४६/०२/०७ जि.प्र.का. ,पर्सा) बर्ष ५७ को **सुदर्शन गिरी**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा बसन्तपुर वडा नं. ०६ र ०७ स्थित किता नं ४८९,२११ र ६२६ को जम्मा क्षेत्रफल ०-२-०,०-४-० र ०-२-२$^{1/2}$ व.मि. को घर जग्गा ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानीकर्ताहरु :**

१) लक्षन गिरीको छोरी, रामदेव गिरीको बुहारी, सुदर्शन गिरीको पत्नी, जिल्ला पर्सा बसन्तपुर वार्ड.नं. ५ बस्ने(ना.प्र.न ३४३०११/१० ,जारी मिति २०७०/०२/१४ जि.प्र.का.,पर्सा) बर्ष ५४ की **कुसुम देवी गिरी।**

२) रामदेव गिरीको नाती, सुदर्शन गिरीको छोरा, जिल्ला पर्सा, गा.वि.स , बसन्तपुर वार्ड.नं. ०५ बस्ने(ना.प्र.न ३४१०११/३९,जारी मिति २०६४/०५/११ जि.प्र.का. पर्सा) बर्ष ३६ को **संजय गिरी** ।

३) धेनुक गिरीको नाती, रामदेव गिरीको छोरा जिल्ला पर्सा बसन्तपुर वार्ड.नं. ५ बस्ने(ना.प्र.न ०९४६१८५३ ,जारी मिति २०४६/०२/०७ जि.प्र.का. ,पर्सा) बर्ष ५७ को **सुदर्शन गिरी।**

४) दीना गिरीको छोरी, सुदर्शन गिरीको बुहारी, संजय गिरीको पत्नी जिल्ला पर्सा पोखरीया वार्ड.नं. ०८ बस्ने(ना.प्र.न.**३४-०१-७३-११२१८,** जारी मिति **२०७३/१०/१८** ,जि.प्र.का. पर्सा) बर्ष ३५ की **सुन्दरम देवी** ।

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**
उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।
२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंककोसण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बाँकी ९० ( नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।
४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।
५) लिलाम बिक्री हुने चल/अचल सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै चल/अचल सम्पत्तीअनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।
६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।
८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ मंसिर ०८ गते सोमबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ मंसिर ०९ गते मंगलबार दिउँसो ४:०० बजे देखि।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
**नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था**

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज,
बदननगर (बिरगंज) ।


# मधेश प्रदेशमा ८० हजार नयाँ मतदाता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि मतदाता परिचयपत्र बनाउन निर्वाचन आयोगले ५ दिन म्याद गरे पनि निर्वाचन कार्यालयहरूमा पहिला जस्तो भिड देखिँदैन ।
खास गरेर आफैँले नै मतदाता परिचयपत्रका लागि विवरण भर्न पाउने र राष्ट्रिय परिचयपत्रको बायोमेट्रिकको आधारमा मतदाता परिचयपत्रमा लिङ्क गर्न मिल्ने भएकाले निर्वाचन आयोगका कार्यालयहरूमा सेवाग्राहीको चापमा कमी आएको हो ।
जनकपुरधामस्थित मधेश प्रदेश निर्वाचन कार्यालयमा पहिला जस्तो भिडभाड नरहेको कार्यालयका कम्प्युटर अधिकृत कृष्ण राउतले जानकारी दिए । तर प्राविधिकको ज्ञानको अभाव भएकाहरू अहिले पनि दैनिक रुपमा १ हजारको संख्यामा आउने गरेको कार्यालयले जनाएको छ ।
मधेश प्रदेश निर्वाचन कार्यालयमा आइतबारसम्ममा १२ हजार ३६ नयाँ मतदाता थप भएको छ भने मधेश प्रदेशको ८ जिल्लाबाट ७९ हजार ३ सय ९१ जना नयाँ मतदाता थप भएको कार्यालयका कम्प्युटर अधिकृत राउतले जानकारी दिए ।
मङ्सिर ५ गतेसम्म म्याद रहेकाले अझै केही मतदाता थप हुने सो कार्यालयले जनाएको छ । यसका साथै राष्ट्रिय परिचयपत्रको आधारमा मतदाता परिचयपत्रका लागि विवरण भर्नेहरूको संख्या यसमा नजोडिएको कार्यालयले जनाएको छ ।
अहिले जिल्ला प्रशासन कार्यालय धनुषासहितका अन्य जिल्ला प्रशासन कार्यालयहरूमा राष्ट्रिय परिचयपत्र बनाउन आउने सेवाग्राहीको संख्यामा वृद्धि भएको छ ।
नयाँ मतदाता परिचयपत्रका लागि आउनेहरूमा अधिकांश नयाँ पुस्ताका युवा बढी मात्रामा रहेका छन् । अगामी निर्वाचनमा कोही पनि नछुटोस् भन्नका लागि सरकारको आग्रहमा आयोगले पाँच दिन मतदाता परिचयपत्र बनाउने म्याद थप गरेको थियो ।

# लहानमा कानसम्बन्धी आधुनिक उपचार सेवा शुरु



**सिरहा ।**
लहानमा अब कानसम्बन्धी जटिल समस्या लिएर सङ्घीय राजधानी वा अन्य सहर धाउनुपर्ने बाध्यता हट्दै गएको छ । लहान–३ अस्पताल चोक नजिकै आजदेखि ‘सम्पूर्ण कान स्वास्थ्य केन्द्र’मार्फत आधुनिक उपचार शुरु गरिएको छ ।
लहान नगर प्रमुख महेशप्रसाद चौधरीले स्थानीयस्तरमै उपलब्ध यो सेवाले कानसम्बन्धी उपचारमा खर्च र समय दुवै बचत हुने बताए । उनले भने, ‘स्थानीयस्तरमै उपलब्ध यो केन्द्रले कानसम्बन्धी उपचारमा नगरवासीलाई ठूलो राहत दिने विश्वास गरेको छु । केन्द्रले सबै वर्गका बिरामीलाई सहज शुल्कमा गुणस्तरीय सेवा उपलब्ध गराउन आवश्यक छ ।’
केन्द्रका अध्यक्ष डा ऋषि भट्टका अनुसार केन्द्रमा आधुनिक प्रविधि र अनुभवी विशेषज्ञहरूको टिममार्फत नियमित सेवा प्रदान गरिनेछ । दूरबिनको सहयोगमा बिनाचिरफार हुने कानका नाजुक शल्यक्रियादेखि जाली टाल्ने, जाली फेर्ने, कानको हड्डी खिइने वा जाम हुने समस्या, कान पाक्ने, कम सुनिने, रिँगटा लाग्नेजस्ता विभिन्न समस्याको उपचार यहाँबाट सहजै पाउन सकिने उनले बताए । विपन्न वर्गलाई लक्षित गर्दै केन्द्रले पाँच वर्षमुनिका बालबालिका र ६० वर्षमाथिका ज्येष्ठ नागरिकलाई बहिरङ्ग सेवामा शत प्रतिशत छुट दिने घोषणासमेत गरेको छ ।

# अवैध उत्खनन् गर्ने समूहद्वारा प्रहरीमाथि आक्रमण

**मधेशदृष्टि**
**धनुषा ।**
कमला खोलामा अवैध रूपमा उत्खनन गर्ने समूहको आक्रमणमा परी पूर्वपश्चिम राजमार्गअन्तर्गत धनुषाको पोर्ताहा प्रहरी चौकीका असई वीरेन्द्र यादव गम्भीर घाइते भएका छन् । धनुषा र सिरहाको सिमाना भएर बग्ने कमला नदीमा अवैध उत्खनन् भइरहेको सूचना पाएपछि चार जना प्रहरीको टोलीसहित आइतबार राति ९ बजे पुगेका असई यादवमाथि आक्रमण भएको इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीले जानकारी दिए । दुवै खुट्टामा चोट लागि गम्भीर घाइते भएका यादवलाई स्थानीय स्वास्थ्य संस्थामा प्रारम्भिक उपचारपछि थप उपचारका लागि लालगढ पठाइएको छ ।



गहुँ वितरणः बाराको प्रसौनी गाउँपालिकामा किसानलाई लक्षित गर्दै ५० प्रतिशत अनुदानमा गहुँको बिउ वितरण भएको छ। उत्पादन वृद्धि तथा किसानलाई सहजता प्रदान गर्न अनुदानमार्फत गहुँको उन्नत जातको बिउ वितरण गरिएको हो। तस्बिरः मधेशदृष्टि

# मनाइयो कर दिवस
# खाद्य उद्योग उत्कृष्ट करदाता

**मधेशदृष्टि**
**वीरगंज।**
प्रत्येक वर्षझैँ यस वर्ष पनि मङ्सिर १ गते 'कर दिवस' को अवसरमा आन्तरिक राजस्व कार्यालय पर्साले विभिन्न कार्यक्रम आयोजना गर्दै दिवस मनाएको छ। कार्यालयले करदाता अभिवृद्धि, कर सचेतना तथा कर प्रणालीप्रति जनविश्वास बढाउने उद्देश्यसहित कर सप्ताह (मङ्सिर १ देखि ७ गतेसम्म) विभिन्न जनचेतनामूलक गतिविधि सञ्चालन गरिरहेको छ।

आन्तरिक राजस्व कार्यालय वीरगंजका प्रमुख कर अधिकृत टीकाराज चौलागाईंका अनुसार चालु आर्थिक वर्ष २०८१–८२ मा पनि कर संकलन उल्लेख्य रूपमा वृद्धि भएको छ। नियमित कर सङ्कलनदेखि स्वेच्छिक कर दाखिला यात्रासम्म सबै क्षेत्रमा सकारात्मक प्रगति देखिएको उनले जानकारी दिए।

यसैक्रममा, कर दिवसको मुख्य आकर्षण उत्कृष्ट करदाता सम्मान कार्यक्रम भएको छ।

चालु आर्थिक वर्षमा सबैभन्दा बढी कर दाखिला गर्ने करदाताको रूपमा वीरगंजस्थित ॐ खाद्य उद्योगलाई सम्मान गरिएको प्रमुख चौलागाईंले बताए। कार्यालयले उत्कृष्ट कर चुक्ता गर्ने व्यक्ति तथा संस्थालाई सम्मानित गरेर करदाताको योगदानप्रति कृतज्ञता प्रकट गर्दै आएको छ।

कर सप्ताहमा विद्यालय तथा संक्षिप्त प्रशिक्षण कार्यक्रम, करसम्बन्धी परामर्श शिविर, स्थानीय व्यवसायीसँग अन्तर्क्रिया, डिजिटल कर प्रणालीबारे जानकारीसहितका गतिविधि सञ्चालन भइरहेको प्रमुख चौलागाईंले बताए। उनका अनुसार, प्रत्येक वर्षझैँ यस वर्ष पनि कर सचेतना प्रभावकारी रूपमा विस्तार हुँदै गएको छ, जसका कारण कर दाखिला दर निरन्तर वृद्धि भइरहेको छ।

कर दिवसअन्तर्गतका कार्यक्रमहरूले कर प्रणालीप्रति जनचेतना बढाउने र करदाताको दायित्वबोध मजबुत बनाउने अपेक्षा लिइएको आन्तरिक राजस्व कार्यालय पर्साले जनाएको छ।

# सिमाबासीसँग सशस्त्र प्रहरी अन्तरक्रिया



**राकेश यादव**
**रौतहट।**
सशस्त्र प्रहरी बल नेपाल २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका सहायक बाहिनीपति सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक अशोक कुमार बमले सीमामा हुने हरेक गतिविधि सशस्त्र प्रहरीले गम्भीररुपमा हेरिरहेको बताएका छन्।

उनले नेपाल भारत सीमाक्षेत्रबाट हुनसक्ने आपराधिक क्रियाकलाप, राजश्व चुहावट नियन्त्रण, सीमा सुरक्षा, स्तम्भको रक्षा मुख्य जिम्मेवारीको रुपमा सशस्त्र प्रहरीले लिएको बताए। सशस्त्र प्रहरी बल नेपाल नम्बर ११ गण रौतहटमा आइतबार गरिएको सीमाबासीसँग सशस्त्र प्रहरी 'सीमा सुरक्षाको महत्व तथा अपराध नियन्त्रणसम्बन्धी' अन्तरक्रियामा सहायक बाहिनीपति बमले सीमामा हुने अपराधका घटना, चोरी निकासी पैठारी नियन्त्रण गर्ने कार्यमा सहयोग पुग्ने उद्देश्यले सीमासँग जोडिएका स्थानीय तहमा सीमा सहजीकरण समिति गठन गरिएको उल्लेख गरे। सीमा सहजीकरण समितिले हुनसक्ने आपराधिक गतिविधिमा सामाजिक समस्या समाधानमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास रहेको उनले बताए।

अन्तरक्रियामा गौर नगरपालिकाका नगर प्रमुख शम्भु साह कानुले नेपाल र भारतसँगको सम्बन्ध बेटीरोटीको रहेको हुँदा सहजरुपमा आवागमन हुनु पर्ने, गौरमा भन्सार कार्यालय हुँदा पनि क्वारेन्टाइनको व्यवस्था गरिनु पर्ने, भारतीय बाँधका कारण वर्षौँ डुबान हुँदै आएको समस्या राज्यले समाधान गर्नु पर्नेलगायतका समस्या राखेका थिए।

बौधिमाइ नगरपालिकाका नगरप्रमुख प्रदीप यादवले रौतहटमा पहिलादेखि सञ्चालनमा रहेको छोटी भन्सार कार्यालय पुनः सञ्चालनमा ल्याउन नसक्दा स्थानीय, व्यापारी मर्कामा पर्ने गरेकाले बन्द रहेको छोटी भन्सार कार्यालय सञ्चालनको पहल गर्नुपर्नेमा ध्यानकर्षण गराए।

ईशनाथ नगरपालिकाका नगर प्रमुख कौशल्यादेवी सिन्हाले भारतीय दशगजा क्षेत्रमा नेपाली भूमि अतिक्रमण गरिएका कारण बस्ती नै डुबानमा पर्ने गरेकाले पहल गरिनु पर्ने बताए। रौतहट उद्योग वाणिज्य संघका अध्यक्ष रविन्द्रनाथ गोपालीले लागुऔषधको कारोबार बढी भइरहेका कारण युवा लागुऔषध सेवनमा लागेकाले नियन्त्रण गर्नु पर्ने धारणा राखे। अध्यक्ष यादवले नेपाली बजारमा व्यापारीको अवस्था धेरै दयनीय बन्दै गरेकामा चिन्ता व्यक्त गरे।

अन्तरक्रियामा उठेका प्रश्नको सम्बोधन गर्दै सशस्त्र प्रहरी बल नेपाल नम्बर ११ गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक रामहरि अधिकारीले सशस्त्र प्रहरीले विपद् उद्धार कार्य, सीमा सुरक्षा, राजस्व चुहावट नियन्त्रणलाई प्राथमिकतामा राखेर कार्य गर्दै आएको बताए। उनले खुला सीमा भएका कारण सुरक्षामा चुनौतीसमेत रहेकाले स्थानीय तहका जनप्रतिनिधिले सहयोग गर्नु पर्ने धारणा राखे। कार्यक्रममा राजदेवी नगरपालिकाका नगर प्रमुख भिखारी प्रसाद यादव, परोहा नगरपालिकाका नगर प्रमुख शेख वकिल, सीमा सहजीकरण समिति संयोजक परोहा–९ का मो कफील अन्जुम, परोहा ८ का खेदु मुखिया, परोहा ७ का नरेन्द्र प्रसाद पटेल, ईशनाथ ६ का जवाहिर लाल साह, इशनाथ ७ का शेख अब्दुल खालिक, इशनाथ १ का ताजमुल खा, इशनाथ २ का धर्मेन्द्र साह, गौर नगरपालिका १ का लालबाबु जैसवाल, गौर २ का बिनोद चौधरी, राजदेवी ८ का राम ईश्वर यादव, राजदेवी ९ का महेन्द्र दासलगायत बिओपी प्रमुखहरुको सहभागिता थियो।

# सरकारले चुनाव गराउन सक्दैनः अधिकारी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेकपा एमाले स्थायी कमिटी सदस्य एवम् गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले वर्तमान सरकारले चुनाव गराउने विषयमा विश्वास गर्ने कुनै सम्भावना नरहेको बताएका छन्।

जनकपुरधाम विमानस्थलमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै मुख्यमन्त्री अधिकारीले संविधानको उल्लंघन गर्दै बनेको वर्तमान सरकारले चुनाव गराउन नसक्ने बताए। उनले जेन्जी आन्दोलनको क्रममा अपराधीहरु जेलबाट फरार भएको, हतियार लुटिएको र मुलुकमा अहिले पनि भयको वातावरण रहेको बताए। सरकारले मुलुकमा भयरहित वातावरणको सिर्जना गर्न नसकेकाले चुनाव हुने सम्भावना नरहेको बताए। सरकारले पनि चुनावको वातावरण बनाउनका लागि राजनीतिक दलहरुसँग सम्वाद अगाडि बढाउनुपर्नेमा नभएकाले तोकिएको मितिमा चुनाव नहुने निश्चित रहेको दाबी गरे।

निवर्तमान मुख्यमन्त्री अधिकारीले प्रतिनिधिसभा पुनस्थापनाको माग दोहोर्याए। उनले प्रतिनिधिसभा पुनस्थापना गरेर संविधान संशोधन गरी प्रतिनिधिसभामा प्रतिनिधित्व नगरेको व्यक्ति पनि छोटो समयकालागि प्रधानमन्त्री बन्नसक्ने प्रावधान ल्याएर निष्पक्ष सरकार निर्माण अहिलेको आवश्यकता रहेको बताए। उनले भने, 'प्रतिनिधिसभा पुनःस्थापनापछि हाम्रो अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री नबन्ने ग्यारेन्टी दिन एमाले तयार छ, तर निर्वाचनका लागि निष्पक्ष सरकार बन्नु आवश्यक छ।'

# १० किलो गाँजा बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिकाबाट सशस्त्र प्रहरीले सोमबार बिहान १० किलो अवैध लागुऔषध गाँजा बरामद गरेको छ। सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) पिडारीगुठीबाट खटिएको टोलीले नियमित गस्तीका क्रममा गाँजा फालिएको अवस्थामा भेटेको हो।

सशस्त्र प्रहरी नायब निरीक्षक दिलबहादुर गुरुङको नेतृत्वमा गएको गस्ती टोलीले गाउँपालिका–१, बिसुनपुरवा नजिक शंकास्पद गतिविधि देखेपछि खोजतलास गर्दै जाँदा गाजा फालिएको अवस्थामा फेला पारेको सशस्त्र प्रहरीले जानकारी दिएको छ।



प्रहरीलाई देख्नेबित्तिकै तस्कर भागेकाले पक्राउ गर्न नसकिएको पनि प्रहरीले जनाएको छ। बरामद गरिएको गाँजा आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय पटेर्वा–सुगौलीमा बुझाइएको सशस्त्र प्रहरी बल १३ नम्बर गण, पर्साले जनाएको छ।

यस्तै, सर्लाहीको पर्सा गाउँपालिका–३ संग्रामपुर टोलबाट लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ (प्लाष्टिक बाहेक ११ ग्राम ९१ मिलिग्राम) सहित भारत, सितामढी बेलागाँउका १८ वर्षीय फरहाम रजा र सितामढी, सोनबर्षाका २२ वर्षीय तोशिफ रजा पक्राउ परेका कछन्।

तोशिफ रजाले आफ्नो अण्डरवेयरभित्र लुकाइछिपाइ राखेको खैरो हेरोइन जस्तो देखिने पदार्थ फेला पारी लागुऔषधसहित नियन्त्रणमा लिइएको हो।

यस्तै, धनुषा, विदेह नगरपालिका–१ प्रहरी चौकी ठाडिझीझा अगाडीबाट लागुऔषध खैरो हेरोइन जस्तो देखिने तरल पदार्थ (प्लाष्टिक सहित ८ ग्राम २७० मिलिग्राम) सहित धनुषाधाम नगरपालिका–७ किसानपुरका २५ वर्षीय सिकेन्द्र रामलाई आइतबार साँझ प्रहरीले नियन्त्रणमा लिएको छ।

प्रहरी चौकी ठाडिझीझाबाट खटिएको प्रहरी चेकिङ टोलीले भारतबाट नेपाल आउँदै गरेका पैदल यात्रीलाई शंका लागेर चेकजाँच गर्दा सर्टको बायाँ खल्तीबाट कालो प्लाष्टिकमा लुकाइछिपाइ राखेको खैरो हेरोइनजस्तो देखिने पदार्थ फेला पारेर लागुऔषधसहित नियन्त्रणमा लिइएको हो।

# सर्भरले काम नगर्दा सेवाप्रवाह प्रभावित




**मधेशदृष्टि**
**सर्लाही।**
'सर्भर' ले काम गर्न छोडेपछि सर्लाहीमा सोमबार नयाँ र प्रतिलिपि नागरिकता जारी गर्ने सेवा ठप्प भएको छ।

जिल्ला प्रशासन कार्यालय सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले केन्द्रबाटै सर्भरमा समस्या आएपछि जिल्लाभरि नागरिकता सम्बन्धी सेवा ठप्प भएको जानकारी दिए। उनका अनुसार सर्भरमा उत्पन्न प्राविधिक समस्या समाधानका लागि सम्बन्धित पक्षले हाल काम गरिरहेको छ। सर्भर बिग्रँदा जिल्ला प्रशासन कार्यालय तथा अन्य इलाका प्रशासन कार्यालयमा सेवा लिन पुगेका नागरिकहरू मारमा परेका छन्।

सर्भर समस्याका कारण सदरमुकाम मलङ्वास्थित जिल्ला प्रशासन कार्यालयसँगै हरिवन र बरहथवा इलाका प्रशासन कार्यालयमा नागरिकतासम्बन्धी सेवा लिन आएका सेवाग्राही मारमा परेका थिए।

जिल्ला प्रशासन कार्यालयले एक सूचना जारी गर्दै आज एक दिनका लागि सबै नागरिकता सम्बन्धी सेवा अवरुद्ध रहने जनाएको छ।

प्रजिअ कडरियाका अनुसार टाढाबाट आएका सेवाग्राही अनावश्यक रूपमा कुरेर बस्नु नपरोस् भनेर सूचना मार्फत जानकारी गराइएको हो।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन